# निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८

**आयोगबाट स्वीकृत मिति :**
**२०७८/११/२९**

संशोधन
निर्वाचन सुरक्षा व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०७९ २०७९।०७।०६

प्रस्तावना : निर्वाचनसँग सम्बन्धित व्यक्ति, निकाय, सामग्री तथा संरचनाको सुरक्षा गरी निर्वाचन कार्यलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम " निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ख) "उम्मेदवार" भन्नाले प्रचलित सङ्घीय कानून बमोजिम कुनै निर्वाचनका लागि उम्मेदवारको अन्तिम सूचीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ ।

(ग) "कर्मचारी" भन्नाले निर्वाचनको काममा खटिएको नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाको कर्मचारी, विश्वविद्यालय वा सामुदायिक विद्यालयको शिक्षक वा कर्मचारी सम्झनु पर्छ ।

(घ) "निर्वाचन" भन्नाले नेपालको संविधान तथा निर्वाचन सम्बन्धी सङ्घीय कानून बमोजिम हुने राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य तथा स्थानीय तहका सदस्यको निर्वाचन सम्झनु पर्छ र सो शब्दले उपनिर्वाचनलाई समेत जनाउँछ ।

(ङ) "निर्वाचन अधिकारी" भन्नाले प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(च) "निर्वाचन अधिकृत" भन्नाले निर्वाचन सम्बन्धी सङ्घीय कानून बमोजिम नियुक्त भएको मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत सम्झनु पर्छ ।

निर्वाचन आयोग नेपाल

(छ) “निर्वाचन आचारसंहिता” भन्नाले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ बमोजिम आयोगले जारी गरेको निर्वाचन आचारसंहिता सम्झनु पर्छ ।

(ज) “निर्वाचन कार्यालय” भन्नाले प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(झ) “निर्वाचन सामग्री” भन्नाले मतपत्र, मतपेटिका, मतदाता नामावली, छेकाबारा लगायत निर्वाचनमा प्रयोग हुने सामग्री सम्झनु पर्छ ।

(ञ) “मतदान अधिकृत” भन्नाले निर्वाचन सम्बन्धी सङ्घीय कानून बमोजिम नियुक्त भएको मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(ट) “मतदान स्थल” भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनका लागि आयोगले तोकेको मतदान स्थल सम्झनु पर्छ ।

(ठ) “मतदाता” भन्नाले सङ्घीय कानून बमोजिम अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ ।

(ड) “मतदान केन्द्र” भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनका लागि आयोगले तोकेको मतदान केन्द्र सम्झनु पर्छ ।

(ढ) “सुरक्षा निकाय” भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग सम्झनु पर्छ र सो शब्दले त्यस्तो निकाय अन्तर्गतका सुरक्षा निकायलाई समेत जनाउँछ ।

(ण) “सुरक्षाकर्मी” भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागका अधिकृत तथा जवान सम्झनु पर्छ ।

(त) “समिति” भन्नाले दफा ३ बमोजिमको उच्चस्तरीय निर्वाचन सुरक्षा समिति सम्झनु पर्छ ।

(थ) “संयुक्त निर्वाचन सञ्चालन केन्द्र” भन्नाले आयोगले बनाएको निर्वाचन अनुगमन निर्देशिका, २०७८ बमोजिम गठन भएको संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जोइन्ट इलेक्सन अपरेशन सेन्टर (जेइओसी)) सम्झनु पर्छ ।

## परिच्छेद-२
## निर्वाचनको सुरक्षा संयन्त्र तथा व्यवस्थापन

३. **उच्चस्तरीय निर्वाचन सुरक्षा समिति** : (१) निर्वाचन सञ्चालन तथा व्यवस्थापनको कार्य गर्दा आयोग र केन्द्रीय सुरक्षा निकायबीच सम्पर्क, समन्वय र सहजीकरण गर्न आयोगमा देहाय बमोजिमको उच्चस्तरीय निर्वाचन सुरक्षा समिति रहनेछः-

(क) निर्वाचन आयुक्त (सुरक्षा हेर्ने) - संयोजक

(ख) सचिव, आयोग - सदस्य

(ग) सचिव, गृह मन्त्रालय - सदस्य

(घ) सचिव, रक्षा मन्त्रालय - सदस्य

निर्वाचन आयोग नेपाल

(ङ) प्रधानसेनापतिले तोकेको नेपाली सेनाको रथी - सदस्य

(च) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी - सदस्य

(छ) सशस्त्र प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल नेपाल - सदस्य

(ज) मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग - सदस्य

(झ) सहसचिव, प्रशासन महाशाखा, आयोग - सदस्य-सचिव

(२) समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले निर्वाचनका लागि तयार गरेको सुरक्षा प्रबन्ध तथा योजना कार्यान्वयनको सम्बन्धमा आवश्यक समन्वय गर्ने,

(ख) निर्वाचन सुरक्षा स्थितिको आँकलन गरी भरपर्दो सुरक्षा प्रबन्ध मिलाउन सुरक्षा निकायलाई निर्देशन दिने,

(ग) निर्वाचन सुरक्षा व्यवस्थापन सम्बन्धी नीतिगत निर्णय गर्नु पर्ने विषयमा आवश्यक राय सुझाव आयोग समक्ष पेश गर्ने,

(घ) निर्वाचन सुरक्षा योजना तर्जुमा गर्न केन्द्रीय सुरक्षा समितिसँग समन्वय गर्ने तथा सुरक्षा समन्वय समितिलाई आवश्यक निर्देशन दिने,

(ङ) समग्र निर्वाचन सुरक्षा व्यवस्थापन र परिचालनको अनुमान, समीक्षा र भावी कार्ययोजना निर्माण गर्ने,

(च) निर्वाचनमा शान्ति सुरक्षाको स्थिति सम्बन्धमा अनुगमन, व्यवस्थापन र निर्देशन गर्ने ।

(३) समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालयको कार्य आयोगको प्रशासन शाखाले गर्नेछ ।

४. **संयुक्त निर्वाचन सञ्चालन केन्द्र :** ♣(१) आयोगमा निर्वाचन अनुगमन निर्देशिका, २०७९ बमोजिम गठन हुने देहाय बमोजिमको संयुक्त निर्वाचन सञ्चालन केन्द्र रहनेछः-

(क) सचिव, आयोग -संयोजक

(ख) सहसचिव, प्रशासन महाशाखा, आयोग -सदस्य

(ग) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), गृह मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह), नेपाली सेना -सदस्य

(ङ) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह), नेपाल प्रहरी -सदस्य

♣ पहिलो संशोधनद्धारा संशोधित

निर्वाचन आयोग नेपाल

(च) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह), सशस्त्र प्रहरी
बल, नेपाल -सदस्य

(छ) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह), राष्ट्रिय अनुसन्धान
विभाग -सदस्य

(ज) उपसचिव, प्रशासन शाखा, आयोग -सदस्य

(झ) उपसचिव, योजना, अनुगमन तथा वैदेशिक
सम्बन्ध शाखा, आयोग -सदस्य-सचिव

(२) निर्वाचन सुरक्षा व्यवस्थापनमा संयुक्त निर्वाचन सञ्चालन केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले निर्वाचनका लागि तयार गरेको सुरक्षा प्रबन्ध तथा योजनाको जानकारी लिने, समीक्षा गर्ने तथा समिति समक्ष पेश गर्ने,

(ख) आयोग, केन्द्र, प्रदेश तथा स्थानीय सुरक्षा निकायबीच सम्पर्क एवं समन्वय गर्ने,

(ग) जिल्लाको निर्वाचन सुरक्षा अवस्थाको बारेमा प्रमुख जिल्ला अधिकारी, निर्वाचन अधिकृत र निर्वाचन अधिकारीसँग नियमित सम्पर्कमा रही प्राप्त जानकारीको आधारमा एकीकृत विवरण तयार गरी समितिमा पेश गर्ने,

(घ) समितिबाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने र सोको समन्वय गर्ने ,

(ङ) निर्वाचन सुरक्षा व्यवस्थापन सम्बन्धी नीतिगत निर्णयका सम्बन्धमा आवश्यक राय सुझाव समितिमा प्रस्ताव गर्ने ।

**५. <u>जिल्ला निर्वाचन सुरक्षा समिति</u> :** (१) निर्वाचन सुरक्षा व्यवस्थापन प्रयोजनको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक जिल्ला निर्वाचन सुरक्षा समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) जिल्लास्थित नेपाली सेनाको प्रमुख - सदस्य

(ग) जिल्ला स्थित प्रहरी कार्यालयको प्रमुख - सदस्य

(घ) जिल्लास्थित सशस्त्र प्रहरी बल, नेपालको प्रमुख - सदस्य

(ङ) जिल्लास्थित राष्ट्रिय अनुसन्धान कार्यालयको प्रमुख - सदस्य

(च) निर्वाचन अधिकारी - सदस्य

(छ) सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य-सचिव

(२) जिल्ला निर्वाचन सुरक्षा समितिको बैठकमा मुख्य निर्वाचन अधिकृतलाई आमन्त्रण गर्नु पर्नेछ ।

(३) जिल्ला निर्वाचन सुरक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोग तथा समितिको निर्देशनको कार्यान्वयन गर्ने,

(ख) आयोगको निर्देशन र निर्वाचन सुरक्षा नीति तथा योजना बमोजिम सुरक्षाको आवश्यकता तथा औचित्यता समेतको आधारमा जिल्ला निर्वाचन सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्ने,

(ग) जिल्लामा उपलब्ध सुरक्षासँग सम्बन्धित जनशक्ति, साधन र स्रोतले नपुग हुने भएमा सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक जनशक्ति, साधन र स्रोत प्राप्त गर्ने व्यवस्था मिलाउने,

(घ) सर्वदलीय बैठक गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त बनाउन दलहरुको सकारात्मक भूमिकाको लागि अभिप्रेरित गर्ने,

(ङ) निर्वाचन प्रचार प्रसारको क्रममा कुनै अप्रिय घटना हुन नदिन राजनीतिक दलसँग समन्वय गर्ने र सोको लागि आवश्यकता अनुसार राजनीतिक दल र स्थानीय सुरक्षा निकायका प्रतिनिधि समेत रहेको कार्यदल गठन गर्ने,

(च) केन्द्रीय सुरक्षा समिति लगायत अन्य सुरक्षा समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(छ) निर्वाचन सुरक्षाको लागि आवश्यकता अनुसार उपयुक्त स्थानमा निर्वाचन कमाण्ड पोष्ट स्थापना गरी सञ्चालन गर्ने,

(ज) निर्वाचन सुरक्षा योजना कार्यान्वयन उपयुक्त तरिकाले भए, नभएको सम्बन्धमा नियमित अनुगमन र मूल्याङ्कन गर्ने,

(झ) जिल्लाभित्र निर्वाचन सुरक्षाको लागि सुक्ष्म र बृहत सुरक्षा योजना, रणनीति र कार्यनीति बनाई सोको कार्यान्वयन गर्ने, गराउने,

(ञ) जिल्लाको समग्र सुरक्षा अवस्थाको सम्बन्धमा नियमित रुपमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) लाई जानकारी गराउने,

(च) निर्वाचन सुरक्षा योजना कार्यान्वयनको नियमित अनुगमन र मूल्याङ्कन गर्ने ।

६. **<u>प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार</u>** : निर्वाचनमा शान्ति सुरक्षा कायम गर्ने प्रयोजनको लागि प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लामा उपलब्ध सञ्चारका उपकरणहरुलाई दुरुस्त राखी निर्वाचनको काममा जुनसुकै वेला पनि प्रयोग गर्न मिल्ने व्यवस्था मिलाउने,

(ख) समिति र जिल्ला निर्वाचन सुरक्षा समितिबाट तयार गरिएको निर्वाचन सुरक्षा योजना कार्यान्वयन गर्ने,

(ग) अन्तर्राष्ट्रिय सीमानासँग जोडिएका जिल्लामा निर्वाचन बिथोल्न सक्ने गरी हुन सक्ने घुसपैठ रोक्ने,

(घ) अवैध हातहतियार जफत गरी आवश्यक कानूनी कारबाही गर्ने,

(ङ) आमसभा तथा ऱ्याली हुने समय र स्थानको जानकारी लिई आवश्यक सुरक्षा प्रबन्ध मिलाउने,

(च) मतदान पछि मतपेटिका सुरक्षित तवरले ल्याउने प्रबन्ध मिलाउने,

(छ) निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयबाट मतदान अधिकृतले बुझेका मतपत्र लगायतका मतदान सामग्री मतदान केन्द्रसम्म सुरक्षित तवरले पुऱ्याउन आवश्यक सहयोग गर्ने,

(ज) निर्वाचन सम्बन्धी प्रचलित कानून तथा निर्वाचन आचारसंहिता कार्यान्वयनको सिलसिलामा आवश्यक सुरक्षा प्रबन्ध मिलाउने,

निर्वाचन आयोग नेपाल

(झ) निर्वाचन मितिभन्दा बहत्तर घण्टा अघिदेखि सम्बन्धित जिल्लाका अन्तर्राष्ट्रिय सीमा नाका बन्द गर्ने व्यवस्था मिलाउने,

(ञ) निर्वाचन अधिकृतसँग निरन्तर सम्पर्कमा रही मतदानको दिनको सुरक्षा व्यवस्थापनको कार्य गर्ने,

(ट) मतदानको दिनको सुरक्षा व्यवस्थापनको निरन्तर अनुगमन गर्ने,

(ठ) निर्वाचन अधिकृत र निर्वाचन कार्यालयको लागि विशेष सुरक्षा व्यवस्था गर्ने,

(ड) हुलाक, अस्पताल, विमानस्थल, दमकल, दूरसञ्चार, विद्युत स्टेसन तथा टावर र अन्य यस्तै महत्वपूर्ण निकायको सुरक्षा व्यवस्था मिलाउने,

(ढ) कुनै व्यक्ति वा समूहबाट हुनसक्ने उच्छृङ्खल कृयाकलाप माथि निगरानी राख्ने,

(ण) निर्वाचन कमाण्ड पोष्टको स्थापना गरी सुरक्षाकर्मीको खटनपटन गर्ने तथा हातहतियार र भौतिक साधनको आवश्यक प्रबन्ध मिलाउने,

(त) हातहतियार तथा खरखजाना राख्ने इजाजत प्राप्त व्यक्तिबाट मतदानको दिनभन्दा पन्ध्र दिन अगाडिदेखि त्यस्ता हातहतियार तथा खरखजाना नियन्त्रणमा लिन जिल्लाका सुरक्षा निकाय तथा सुरक्षाकर्मीलाई निर्देशन दिने,

(थ) निर्वाचन मितिभन्दा अठ्चालीस घण्टा अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्री वितरण तथा सेवनमा प्रतिबन्ध लगाउन निर्देशन दिने,

(द) मतदातालाई मतदान गर्न जान सुरक्षित रहेको प्रत्याभूति दिलाउन तथा मतदान गर्नबाट रोक्न नदिन आवश्यक व्यवस्था मिलाउने,

(ध) प्रचारप्रसारको क्रममा निस्कने राजनीतिक दल तथा उम्मेदवारको जुलुसको लागि अलग-अलग मार्ग तोक्ने र एकै समय र उही स्थानमा भिन्न भिन्न जुलुस वा सभा गर्न नदिने व्यवस्था गर्ने,

(न) निर्वाचन कार्य सम्पन्न गर्न चाहिने मतपत्र, मतपेटिका, मतदाता नामावली र स्वस्तिक छाप जस्ता निर्वाचन सामग्रीको सुरक्षाको लागि निर्वाचन अधिकृत वा मतदान अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने,

(प) निर्वाचनको समयमा निर्वाचन अधिकृत लगायत निर्वाचनको कार्यमा खटिएका कर्मचारी, उम्मेदवार तथा निजका प्रतिनिधि, राजनीतिक दलका नेताको आवश्यक सुरक्षाको व्यवस्था मिलाउने,

(फ) निर्वाचन सुरक्षा व्यवस्थापनको लागि आवश्यक अन्य कार्य गर्ने ।

७. **<u>निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकारः</u>** निर्वाचनमा शान्ति सुरक्षा कायम गर्ने प्रयोजनको लागि निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सुरक्षा व्यवस्थाको नियमित अनुगमन तथा मुल्याङ्कन गरी सुरक्षाको प्रबन्धमा कुनै कमिकमजोरी देखिएमा तत्काल सुरक्षा निकायको ध्यानाकर्षण गराउने,

(ख) सुरक्षा स्थितिको मूल्याङ्कनको आधारमा सुरक्षाको आवश्यक प्रबन्ध मिलाउन प्रमुख जिल्ला अधिकारी र सम्बन्धित सुरक्षा निकायसँग समन्वय गर्ने,

(ग) निर्वाचन सुरक्षाको सम्बन्धमा आवश्यकता अनुसार राजनीतिक दल, उम्मेदवार वा सरोकारवालासँग अन्तरक्रिया गर्ने,

(घ) सुरक्षासँग सम्बन्धित विषयहरुमा आफूलाई प्राप्त सूचना सुरक्षा निकाय तथा जिल्ला निर्वाचन सुरक्षा समितिलाई उपलब्ध गराउने,

निर्वाचन आयोग नेपाल

(ङ) सर्वदलीय बैठक गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त बनाउन दलहरुको सकारात्मक भूमिकाको लागि अभिप्रेरित गर्ने,

(च) मतदान कार्यको निरन्तर अनुगमन गरी कुनै मतदान केन्द्रमा शान्ति सुरक्षा सम्बन्धी समस्या देखा परेमा तुरुन्तै प्रमुख जिल्ला अधिकारी लगायत अन्य सुरक्षा निकायको ध्यानाकर्षण गराउने,

(छ) कुनै मतदान केन्द्रमा शान्ति सुरक्षा सम्बन्धी समस्या उत्पन्न भई कर्मचारीको उद्धार गर्नुपर्ने अवस्था आईपरेमा तत्काल प्रमुख जिल्ला अधिकारीसँग सम्पर्क गरी उद्धारको व्यवस्था मिलाउने,

(ज) निर्वाचनसँग सम्बन्धित प्रचलित कानूनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता अनुसार प्रमुख जिल्ला अधिकारी र जिल्लास्थित सुरक्षा निकायको सहयोग लिने ।

८. **मतदान अधिकृतको काम, कर्तव्य र अधिकार :** मतदान केन्द्रमा शान्ति तथा सुव्यवस्था कायम गर्ने प्रयोजनको लागि मतदान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रतर्फ जाँदा सो केन्द्रको लागि खटिएका सुरक्षाकर्मीसँग साथै जाने,

(ख) सुरक्षाकर्मीलाई मतपत्र, मतपेटिका, मतदाता नामावली, छेकाबारा लगायतका निर्वाचन सामग्रीको सुरक्षाको जिम्मा दिई सुरक्षामा विशेष ध्यान दिने,

(ग) सुरक्षाकर्मीसँग समेत समन्वय गरी मतदान केन्द्रको निर्माण गर्ने,

(घ) मतदान हुनुपूर्व सर्वदलीय बैठक गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त बनाउन दलहरुको सकारात्मक भूमिकाको लागि अभिप्रेरित गर्ने,

(ङ) मतदानको समयमा सुरक्षाकर्मीलाई मतदान स्थलमा खटिएका कर्मचारी, मतपत्र, मतपेटिका र अन्य निर्वाचन सामग्रीको सुरक्षा गर्ने कार्यमा लगाउने,

(च) मतदान केन्द्रमा सुरक्षा सम्बन्धी समस्या उत्पन्न भएमा तत्काल सुरक्षाकर्मी परिचालन गरी स्थिति नियन्त्रणमा लिने,

(छ) मतदान केन्द्रमा मौजुदा सुरक्षाकर्मीबाट मात्र शान्ति सुरक्षा कायम नहुने अवस्था देखिएमा घुम्ती टोली लगायतका सुरक्षा टोलीको मद्दत लिने,

(ज) सुरक्षाकर्मी बाहेक अन्य व्यक्तिलाई मतदान केन्द्र वरिपरि हातहतियार सहित हिँड्न वा हातहतियार प्रयोग गर्न नदिने र मतदान केन्द्र र सोको वरिपरि हातहतियार सहित हिँड्ने व्यक्तिलाई गिरफ्तार गर्न सुरक्षाकर्मीलाई आदेश दिने,

(झ) मतदान केन्द्रमा खटिएका कर्मचारी, आयोग, निर्वाचन अधिकृत तथा मतदान अधिकृतबाट अनुमतिप्राप्त व्यक्ति र मतदानको समय समाप्त हुनु अगावै मतदान केन्द्रमा प्रवेश गरेका मतदाता बाहेक अरु कसैलाई मतदानको समय समाप्त नभएसम्म मतदान केन्द्रमा प्रवेश गर्न नदिन सुरक्षाकर्मीलाई निर्देशन दिने,

(ञ) मतदान केन्द्रमा उत्पन्न हुने विवाद सुल्झाउन राजनीतिक दल, उम्मेदवार वा निजको प्रतिनिधिको मद्दत लिने,

(ट) मतदाता पङ्क्तिबद्ध हुने स्थान र मतदाता मतदान गरी बाहिर जाने स्थानमा प्रहरी सुरक्षाको व्यवस्था मिलाउने,

(ठ) मतदानको समयमा मतदाता तथा मतदान केन्द्रभित्र प्रवेश गर्ने अन्य व्यक्तिले सलाई, लाइटर, एसिड जस्ता प्रज्वलनशील पदार्थ, क्यामरा, फोटो खिच्ने

निर्वाचन आयोग, नेपाल

सामग्री तथा मतदानको गोपनीयता वा सुरक्षा व्यवस्थामा प्रतिकूल असर पुग्ने कुनै पनि वस्तु लैजान नपाउने व्यवस्था मिलाउने,

(ड) मतदान केन्द्र भित्र प्रवेश गर्ने व्यक्तिलाई मोबाइल फोन सँगै लैजान नदिने प्रबन्ध गर्ने,

(ढ) मतदान कार्य समाप्त भएपछि मतपेटिका निर्वाचन अधिकृतलाई नबुझाएसम्म सुरक्षाकर्मीलाई सोको सुरक्षाको जिम्मा लगाई आफू पनि मतपेटिका साथै रहने,

(ण) निर्वाचन सुरक्षा व्यवस्थापनको लागि आवश्यक अन्य कार्य गर्ने ।

९. **<u>सुरक्षा निकाय तथा सुरक्षाकर्मीको काम, कर्तव्य र अधिकार :</u>** निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त बनाउन सुरक्षा निकाय तथा निर्वाचन कार्यमा खटिने सुरक्षाकर्मीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) हातहतियार तथा खरखजाना राख्ने इजाजत प्राप्त व्यक्तिबाट मतदानको दिनभन्दा पन्ध्रदिन अगाडिदेखि त्यस्ता हातहतियार तथा खरखजाना नियन्त्रणमा लिने,

(ख) निर्वाचन मितिभन्दा अठ्चालीस घण्टा अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम घोषण नभएसम्म मादक पदार्थ बिक्री वितरण तथा सेवनमा प्रतिबन्ध लगाउने,

(ग) निर्वाचनमा अवाञ्छित गतिविधि गर्ने वा गर्न सक्ने व्यक्ति वा समूहमाथि विशेष निगरानी राख्ने,

(घ) मतदातालाई मतदान गर्नबाट रोक्न नदिन आवश्यक व्यवस्था मिलाउने,

(ङ) प्रचार-प्रसारको क्रममा निस्कने राजनीतिक दल तथा उम्मेदवारको जुलुसको लागि अलग-अलग मार्ग तोक्ने र एकै समय र उही स्थानमा भिन्न भिन्न जुलुस वा सभा गर्न नदिने व्यवस्था गर्ने,

(च) मतदातालाई मतदान गर्न जान सुरक्षित रहेको प्रत्याभूति दिलाउन आवश्यक व्यवस्था मिलाउने,

(छ) निर्वाचन कार्य सम्पन्न गर्न चाहिने मतपत्र, मतपेटिका, मतदाता नामावली र स्वस्तिक छाप जस्ता निर्वाचन सामग्रीको सुरक्षाको लागि निर्वाचन अधिकृत वा मतदान अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने,

(ज) निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयबाट मतदान अधिकृतले बुझेका मतपत्र लगायतका मतदान सामग्री सुरक्षीत रुपमा मतदान केन्द्रसम्म पुर्‍याउन मतदान अधिकृतलाई सहयोग गर्ने,

(झ) मतदान केन्द्रमा अनावश्यक भिडभाड हुन नदिने,

(ञ) मतदान केन्द्रमा रहेका कर्मचारी, मतपेटिका, मतपत्र र अन्य मतदान कार्यमा प्रयोग हुने निर्वाचन सामग्रीहरुको सुरक्षा प्रबन्ध गर्ने,

(ट) निर्वाचन सम्बन्धी प्रचलित कानूनको कार्यान्वयनमा निर्वाचन अधिकृत तथा मतदान अधिकृतलाई आवश्यक मद्दत गर्ने,

(ठ) निर्वाचन अधिकृत तथा मतदान अधिकृतले सुरक्षाको लागि दिएका निर्देशन पालना गर्ने,

(ड) निर्वाचन सुरक्षासँग सम्बन्धित अन्य कार्य गर्ने ।

१०. **<u>सुरक्षा दिनुपर्ने व्यक्ति, निकाय तथा सामग्री</u>** : सुरक्षा निकायले निर्वाचनमा देहायका व्यक्ति, निकाय तथा सामग्रीको सुरक्षा दिनु पर्नेछ :-

निर्वाचन आयोग नेपाल

(क) निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय,
(ख) निर्वाचन कार्यालय, निर्वाचन अधिकारी र त्यहाँ रहेका निर्वाचन सामग्री,
(ग) उम्मेदवार र निजको प्रतिनिधि,
(घ) मतदाता र सर्वसाधारण,
(ङ) मतपेटिका, मतपत्र र मतदाता नामावली लगायतका निर्वाचन सामग्री,
(च) मतदान केन्द्र र मतदान कार्यमा खटिएका कर्मचारी,
(छ) राजनीतिक दलका नेता,
(ज) निर्वाचनको सिलसिलामा आयोजना हुने ऱ्याली, आमसभा तथा जुलुसका सहभागी,
(झ) प्रचार-प्रसारमा संलग्न व्यक्ति,
(ञ) निर्वाचन पर्यवेक्षक,
(ट) निर्वाचन अनुगमन, मतदाता शिक्षा जस्ता निर्वाचन सम्बन्धी कार्यमा खटिएका कर्मचारी,
(ठ) सञ्चारकर्मी ।

## परिच्छेद-३
## मतदान पूर्व गर्नुपर्ने सुरक्षा व्यवस्था

११. **निर्वाचनमा संलग्न व्यक्ति तथा उम्मेदवारको सुरक्षा** : सुरक्षा निकायले आयोगको निर्देशनमा निर्वाचनको समयमा निर्वाचन अधिकृत लगायत निर्वाचनको कार्यमा खटिएका कर्मचारी, उम्मेदवार तथा निजका प्रतिनिधि, राजनीतिक दलका नेताको आवश्यक सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

१२. **कार्यालयको सुरक्षा** : नेपाल सरकारले निर्वाचनको समयमा निर्वाचन अधिकृतको कार्यालय निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला कारागार, दूरसञ्चार कार्यालय, खानेपानीसँग सम्बन्धित कार्यालय तथा संरचना, अस्पताल, रेडियो, टेलिभिजन तथा विद्युत स्टेशन तथा टावर, विमानस्थल जस्ता महत्वपूर्ण स्थानको विशेष सुरक्षाको लागि आवश्यकता अनुसार सुरक्षा निकायलाई परिचालन गर्नेछ ।

१३. **जगेडा टोलीको व्यवस्था** : जिल्ला निर्वाचन सुरक्षा समितिले हुलदङ्गा लगायत निर्वाचनलाई प्रतिकूल असर पार्ने विशेष अवस्था उत्पन्न भई वा कुनै कारणले खटिएका सुरक्षाकर्मीबाट मात्र स्थितिलाई नियन्त्रणमा लिन नसकिने भई थप सुरक्षाकर्मी परिचालन गर्नु पर्ने भएमा त्यसको लागि जिल्ला सदरमुकाममा सुरक्षाकर्मीको जगेडा टोलीको व्यवस्था गर्नेछ । त्यस्तो जगेडा टोलीलाई तत्काल परिचालन गर्न सक्ने गरी उच्च सतर्कताको अवस्थामा राख्नु पर्नेछ ।

## परिच्छेद-४
## मतदानको दिन गर्नुपर्ने सुरक्षा व्यवस्था

१४. **मतदान केन्द्रको सुरक्षा व्यवस्था** : (१) सुरक्षा निकायले मतदान केन्द्रमा खटिएका मतदान अधिकृत लगायत सम्पूर्ण कर्मचारी, मतदानमा प्रयोग हुने निर्वाचन सामग्री र मतदान केन्द्रको सुरक्षाको लागि सुरक्षाकर्मी टोलीको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर्मचारी, निर्वाचन सामग्री र मतदान केन्द्रको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन सुरक्षा निकायले सुरक्षाको दृष्टिकोणबाट प्रत्येक मतदान

निर्वाचन आयोग नेपाल

केन्द्रलाई अतिसंवेदनशील, संवेदनशील र सामान्य गरी तीन वर्गमा विभाजन गरी सुरक्षा संवेदनशीलताको आधारमा मतदान केन्द्र सुरक्षाको लागि आवश्यक मात्रामा हातहतियार सहितको सुरक्षा टोलीको व्यवस्था मिलाउनु पर्नेछ ।

१५. **<u>घुम्ती टोली सम्बन्धी व्यवस्था</u> :** (१) जिल्ला निर्वाचन सुरक्षा समितिले मतदानको दिन मतदान केन्द्रमा रहेको सुरक्षा टोलीलाई आवश्यकता अनुसार थप मद्दत पुऱ्याउनको लागि कानून बमोजिम सबै किसिमको बल प्रयोग गर्न पाउने गरी सुरक्षाकर्मी सहितको घुम्ती टोलीको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको घुम्ती टोलीले कुनै मतदान केन्द्रमा शान्ति सुरक्षा सम्बन्धी समस्या परेको जानकारी पाएमा तत्काल घटनास्थलमा पुगी शान्ति सुव्यवस्था कायम गर्ने कार्य गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको घुम्ती टोलीले होहल्ला, हुलदङ्गा वा अरु कुनै अवाञ्छित कार्य गरी निर्वाचन कार्यलाई प्रतिकूल असर पार्न खोज्ने व्यक्ति वा समूहलाई सम्झाई बुझाई गर्नेछ । यसरी सम्झाई बुझाई गर्दा समेत त्यस्तो होहल्ला, हुलदङ्गा वा अवाञ्छित कार्यमा नियन्त्रण हुन नसकी निर्वाचनको कार्यमा प्रतिकूल असर पर्ने देखिएमा त्यस्तो घुम्ती टोलीले प्रचलित कानून बमोजिम आवश्यक बल प्रयोग गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको घुम्ती टोलीले मतदान कार्यलाई सुव्यवस्थित बनाउने सम्बन्धमा देहाय बमोजिमका कार्य गर्नेछ :-

(क) आफूलाई तोकिएको क्षेत्रभित्र निरन्तर गस्ती गरी मतदाता र मतदानमा खटिएका कर्मचारी लगायत सबैलाई सुरक्षा व्यवस्थाको सम्बन्धमा आश्वस्त पार्ने,

(ख) मतदातालाई मतदान कार्यमा अवरोध पुग्ने गरी आवागमनमा बाधा व्यवधान खडा गरिएको भए तुरुन्त हटाउने,

(ग) कुनै मतदान केन्द्रमा शान्ति सुरक्षा सम्बन्धी समस्या आई परेमा तत्काल मतदान केन्द्रमा पुगी मतदान केन्द्रको शान्ति सुरक्षा कायम गर्ने,

(घ) मतदान समाप्त भएपछि मतपेटिका सुरक्षित तवरले निर्वाचन अधिकृतको कार्यालयमा पुऱ्याउने कार्यमा समन्वय र सहयोग गर्ने ।

१६. **<u>स्ट्राइकिङ्ग टोली</u> :** जिल्ला निर्वाचन सुरक्षा समितिले मतदानको दिन खटिने दफा १५ बमोजिमको घुम्ती टोलीबाट सुरक्षा सम्बन्धी समस्या समाधान हुन नसकेको अवस्थामा स्थितिलाई नियन्त्रणमा लिनका लागि साधन स्रोत र अधिकार सम्पन्न सशस्त्र प्रहरी बल, नेपाल सहितको स्ट्राइकिङ्ग टोली खटाउनेछ ।

१७. **<u>बम डिस्पोजल टोली</u>** : जिल्ला निर्वाचन सुरक्षा समितिले जिल्लाको सुरक्षा वस्तुस्थितिको समीक्षा गरी आवश्यकता अनुसार विभिन्न किसिमका बम विष्फोटन सम्बन्धी खतरालाई प्रतिकार गर्न सक्ने नेपाली सेनाको बम डिस्पोजल टोली खटाउनेछ ।

१८. **<u>रिजर्भ सुरक्षा फौज</u> :** जिल्ला निर्वाचन सुरक्षा समितिले सुरक्षा संवेदनशीलताको आधारमा जिल्लाको विभिन्न स्थानमा आवश्यकता अनुसार रिजर्भ सुरक्षा फौज रहने व्यवस्था मिलाउनेछ ।

निर्वाचन आयोग नेपाल

१९. **हवाई सुरक्षा गस्ती** : आयोगले गृह मन्त्रालयको समन्वयमा मतदानको दिन शान्ति सुरक्षाको स्थितिको निरन्तर निगरानी गर्न सुरक्षा टोली सहितको हवाई गस्तीको व्यवस्था गर्न सक्नेछ । यस्तो गस्तीले समस्याग्रस्त ठाउँमा तत्काल सुरक्षा टोली ओराली शान्ति सुव्यवस्था कायम राख्ने कार्य गर्नेछ ।

२०. **मतदान केन्द्रको अनधिकृत कब्जा भएमा गरिने सुरक्षा कारबाही** : मतदान केन्द्र अनधिकृत कब्जा भएमा सुरक्षाकर्मीले देहायको व्यवस्था मिलाउनु पर्नेछ :-

(क) मतपत्र रहेका मतपेटिका, मतदान हुन बाँकी मतपत्र लगायतका निर्वाचन सामग्रीको विशेष सुरक्षा गर्ने,

(ख) मतदान केन्द्रको अनधिकृत कब्जा भएको जानकारी घुम्ती टोली लगायत सम्बद्ध निकायलाई यथाशीघ्र दिई थप मद्दत माग गर्ने,

(ग) मतदान केन्द्र अनधिकृत कब्जा गर्ने वा त्यस्तो कार्यमा सहयोग पुऱ्याउने वा आदेश दिने व्यक्तिलाई नियन्त्रणमा लिने,

(घ) सुरक्षा कारबाही गर्नुपर्ने गम्भीर अवस्थामा मतदान अधिकृतसँग समन्वय गरी कारबाही गर्ने ।

## परिच्छेद-५
## मतदान पश्चात गर्नुपर्ने सुरक्षा व्यवस्था

२१. **मतपेटिका ढुवानी व्यवस्था** : (१) जिल्ला निर्वाचन सुरक्षा समितिले मतदानको कार्य समाप्त भएपछि मतदान केन्द्रबाट निर्वाचन अधिकृतको कार्यालयसम्म मतपेटिकाहरु सुरक्षित रुपमा पुऱ्याउन मतपेटिका सुरक्षा टोलीको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुरक्षा टोलीले मतदान केन्द्रबाट निर्वाचन अधिकृतले तोकेको स्थानमा मतपेटिका सुरक्षित रुपमा पुऱ्याउन मतदान अधिकृतलाई सहयोग गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सुरक्षा टोलीले उपदफा (२) को प्रयोजनको लागि देहायको व्यवस्था मिलाउनु पर्नेछ :-

(क) मतपेटिका छिटो साधन र सुरक्षित मार्गबाट मतगणना स्थलसम्म ल्याउने व्यवस्था मिलाउने,

(ख) मतदानमा खटिएका कर्मचारी बाहेक अरुलाई मतपेटिका छुन नदिने,

(ग) मतपेटिकामा लगाइएका सुरक्षण सिल नबिग्रने गरी ढुवानी गर्ने व्यवस्था मिलाउने,

(घ) मतपेटिका लिएर आउँदा बाटोमा कुनै अवरोध वा सुरक्षा खतरा रहेको जानकारी पाएमा वैकल्पिक बाटोको प्रयोग गरी वा त्यस्तो अवरोध वा सुरक्षा खतरा हटेको जानकारी पाएपछि मतपेटिका ल्याउने व्यवस्था मिलाउने,

(ङ) मतदान कार्यमा प्रयोग नभएका मतपेटिका समेत एकैसाथ ढुवानी गर्ने व्यवस्था मिलाउने ।

२२. **मतपेटिका भण्डारण स्थलको सुरक्षा** : सुरक्षाकर्मीले मतपेटिका सुरक्षित भण्डारणका लागि देहायको कार्य गर्नु पर्नेछ :-

(क) मतपेटिका सुरक्षित तवरले भण्डारण गर्न निर्वाचन अधिकृतलाई सहयोग गर्ने,

(ख) निर्वाचन अधिकृतको स्वीकृतिमा मतपेटिका राखेको कोठा बाहिर मतपेटिका कुर्न कुनै उम्मेदवार वा निजको प्रतिनिधि बस्न चाहेमा बस्न दिने,

(ग) मतपेटिका रहेको ठाउँमा हुने आवागमनलाई नियन्त्रित र सीमित गर्ने,

(घ) अनुमति प्राप्त व्यक्ति बाहेक अरुलाई मतपेटिका भएको स्थानतिर जान नदिने ।

२३. **<u>मतगणना स्थलको सुरक्षा</u>** : सुरक्षाकर्मीले मतगणना स्थलको सुरक्षा सम्बन्धमा देहायको व्यवस्था मिलाउनु पर्नेछ :-

(क) मतगणना गर्ने स्थलमा प्रवेश गर्ने व्यक्तिहरुको सुरक्षा जाँच गरेर मात्र प्रवेश गर्न दिने,

(ख) मतगणना स्थल वरपरको गतिविधिको नियमित रुपमा निगरानी राख्ने,

(ग) मतगणनाको अवस्थामा कुनै अप्रिय घटना हुन नदिन घुम्ती सुरक्षा टोली, स्ट्राइकिङ्ग टोली र जगेडा टोली परिचालन गर्ने,

(घ) मतगणना गर्दा उम्मेदवार वा निजको प्रतिनिधिलाई मतपत्र छुन नदिने,

(ङ) मतगणना स्थलमा मानिसको भीड हुन नदिन र मतपत्र खोसी नष्ट गर्न नदिन विशेष निगरानीको व्यवस्था मिलाउने,

(च) मतगणना गर्ने स्थानमा मतगणना गर्न निर्वाचन अधिकृतबाट अनुमति पाएका कर्मचारी, सुरक्षाकर्मी, उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि र पर्यवेक्षक बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न नदिने,

(छ) निर्वाचन अधिकृतबाट अनुमति पाएका सुरक्षाकर्मी बाहेक हातहतियार लिएका अन्य व्यक्तिलाई मतगणना स्थल र वरिपरि आउन नदिने,

(ज) मतगणना कार्य प्रारम्भ भएपछि सम्बन्धित सबै मतदान केन्द्रका मतपत्रको गणना नसकिएसम्म शान्तिपूर्वक रुपमा लगातार मतगणना गर्न सक्ने वातावरण श्रृजना गर्ने,

(झ) लागू पदार्थ वा मादक पदार्थ सेवन गरेको व्यक्तिलाई मतगणना स्थलमा प्रवेश गर्न नदिने,

(ञ) मतगणनाको समयमा मतगणना स्थलभित्र प्रवेश गर्ने व्यक्तिलाई सलाई, लाइटर, एसिड जस्ता प्रज्वलनशील पदार्थ, मोबाइल, क्यामरा, फोटो खिच्ने सामग्री तथा निर्वाचन अधिकृतले निषेध गरेका अन्य कुनै पनि वस्तु मतगणना स्थलभित्र लैजान नपाउने व्यवस्था मिलाउने ।

२४. **<u>मतगणना स्थलको अनधिकृत कब्जा भएमा गरिने सुरक्षा कारबाही</u>** : मतगणना स्थलको अनधिकृत कब्जा भएमा सुरक्षाकर्मीले देहायको व्यवस्था मिलाउनु पर्नेछ :-

(क) गणना भएका मतपत्र तथा गणना हुन बाँकी मतपत्र सहितको मतपेटिका लगायतका निर्वाचन सामग्रीको विशेष सुरक्षा गर्ने,

(ख) मतगणना स्थलको अनधिकृत कब्जा भएको जानकारी सम्बद्ध निकायलाई यथाशीघ्र दिई आवश्यकता अनुसार थप मद्दत माग गर्ने,

(ग) मतगणना स्थल अनधिकृत कब्जा गर्ने वा त्यस्तो कार्यमा सहयोग पुऱ्याउने वा आदेश दिने व्यक्तिलाई नियन्त्रणमा लिने,

निर्वाचन आयोग नेपाल

(घ) सुरक्षा कारबाही गर्नुपर्ने गम्भीर अवस्थामा निर्वाचन अधिकृतसँग समन्वय गरी कारबाही गर्ने ।

२५. **<u>अन्तिम परिणाम घोषणा पश्चातको अवस्थामा सुरक्षा व्यवस्था</u> :** मतगणनाको अन्तिम परिणाम घोषणाको अवस्थामा सुरक्षाकर्मीले देहायको व्यवस्था मिलाउनु पर्नेछ :-

(क) निर्वाचन अधिकृतसँग समन्वय गरी मतगणनास्थलको भरपर्दो सुरक्षा व्यवस्था मिलाउने,

(ख) निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयको विशेष सुरक्षा व्यवस्था गर्ने,

(ग) निर्वाचन परिणामको घोषणा पश्चात निकालिने विजय जुलुस र आमसभाको सुरक्षा व्यवस्था मिलाउने,

(घ) विजयी तथा पराजित उम्मेदवारको सुरक्षाको उचित प्रबन्ध मिलाउने,

(ङ) विभिन्न राजनीतिक दलहरुबाट निस्कने जुलुसको मार्ग तोक्ने तथा समारोह स्थल नजुध्ने गरी व्यवस्था मिलाउने,

(च) हुलाक, अस्पताल, विमानस्थल, दमकल, दूरसञ्चार, विद्युतगृह र अन्य यस्तै महत्वपूर्ण प्रतिष्ठानको सुरक्षा व्यवस्था मिलाउने,

(छ) कुनै व्यक्ति वा समूहबाट हुनसक्ने उच्छृङ्खल कृयाकलाप माथि निगरानी राख्ने,

(ज) विजयी तथा पराजित पक्षहरु बीच हुनसक्ने झडपलाई ध्यानमा राखी व्यापक गस्तीको व्यवस्था मिलाउने ।

## परिच्छेद-६
## <u>विविध</u>

२६. **<u>निर्वाचन सुरक्षाका आधार</u> :** आयोगले निर्वाचनको सन्दर्भमा सुरक्षा अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्दा देहायका आधारमा गर्नेछ :-

**(क) मतदानपूर्वको सुरक्षा :**

(१) सबै राजनीतिक दल वा उम्मेदवारले मतदाता समक्ष आफ्ना विचार र कार्यक्रम पुऱ्याउन पाए, नपाएको,

(२) नेपालको सबै स्थानमा आवतजावत सरल र सहज भए, नभएको,

(३) निर्वाचनको विषयलाई लिएर हिंसात्मक गतिविधि भए, नभएको,

(४) निर्वाचन आचारसंहिता पालना गरे, नगरेको,

(५) उम्मेदवार वा तिनका प्रतिनिधिहरु सुरक्षित भए, नभएको,

(६) निर्वाचन प्रक्रियामा सरिक हुन कसैलाई बाधा अवरोध भए, नभएको,

(७) निर्वाचन सामग्री ओसार पसारमा बाधा अवरोध भए, नभएको,

(८) निर्वाचनको कार्यमा संलग्न कर्मचारी र प्रयोगमा ल्याइएका साधन वा सामग्री परिचालनमा अवरोध भए, नभएको,

(९) निर्वाचन पर्यवेक्षकलाई निर्वाचनका गतिविधिको पर्यवेक्षण गर्न अवरोध भए, नभएको,



निर्वाचन आयोग नेपाल

(१०) सञ्चारकर्मीलाई सूचना तथा समाचार सङ्कलन गर्न अवरोध भए, नभएको,

(११) कर्मचारीलाई निर्वाचन प्रकृयामा सरिक हुन कुनै किसिमको धाक, धम्की, गालिगलौज, आए, नआएको,

(१२) बन्द, हडताल र चक्का जाम जस्ता घटना भए, नभएको,

(१३) राजनीतिक दलहरु बीच समझदारी रहे, नरहेको ।

**(ख) मतदानको दिनको सुरक्षा :**

(१) मतदातालाई स्वतन्त्रतापूर्वक मतदान गर्नबाट वञ्चित गर्ने गरी बाधा अवरोध पुऱ्याए, नपुऱ्याएको,

(२) मतदान केन्द्र सञ्चालनमा बाधा अवरोध भए, नभएको,

(३) मतदान गरी फर्किने क्रममा मतदातालाई अवरोध पुऱ्याए, नपुऱ्याएको,

(४) मतदान केन्द्र वरपर हुलदङ्गा, हतियार प्रदर्शन गर्ने जस्ता क्रियाकलाप भए, नभएको,

(५) मतदान केन्द्र कब्जा गर्ने प्रयास भए, नभएको ।

**(ग) मतदान पश्चातको सुरक्षा :**

(१) मतदान भएको मतपत्र तथा अन्य सामग्री मतगणना स्थलमा लैजान बाधा विरोध भए, नभएको,

(२) मतदानमा संलग्न कर्मचारीहरु सुरक्षित रहे, नरहेको ।

**(घ) मतगणना र सो पश्चातको सुरक्षा :**

(१) उम्मेदवार र तिनका प्रतिनिधिहरु सुरक्षित भए, नभएको,

(२) मतगणना कार्यमा बाधा अवरोध भए, नभएको,

(३) मतगणना पछि शान्तिपूर्ण ढङ्गबाट सभा, जुलुस आदि भए, नभएको ।

२७. **सुरक्षा व्यवस्थापन चक्र** : (१) नेपाल सरकारले व्यवस्था गरेको निर्वाचन सेलले निर्वाचनमा अनुसूची-१ बमोजिमको सुरक्षा चक्रको प्रबन्ध गरी सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्वाचन सेलले देहाय बमोजिमको कार्य गर्नेछ :-

(क) निर्वाचन सुरक्षासँग सम्बन्धित विषयमा सूचना सङ्कलन, विश्लेषण, सम्प्रेषण, समन्वय र रिपोर्टिङ्ग गर्ने, गराउने,

(ख) विभिन्न सरकारी तथा गैरसरकारी निकायबीच सम्पर्क र समन्वय गर्ने,

(ग) केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर र सोमातहतका सुरक्षा निकायसँग सम्पर्क र समन्वय गर्ने,

(घ) निर्वाचन सुरक्षा व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने ।

२८. **सुरक्षा सञ्चार नेटवर्क** : निर्वाचनमा अनुसूची-२ बमोजिमको सुरक्षा सञ्चार नेटवर्कको प्रबन्ध गरी सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ ।

२९. **निर्वाचन सुरक्षा अवस्थाको अनुगमन तथा मूल्याङ्कन** : (१) आयोगले निर्वाचन अवधिमा दफा २६ मा उल्लिखित आधारमा समग्र निर्वाचन सुरक्षा स्थितिको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्वाचन सुरक्षा स्थितिको अनुगमन तथा मूल्याङ्कन कार्य देहायका निकाय, अधिकारी वा व्यक्तिबाट हुनेछ :-



निर्वाचन आयोग नेपाल

**(क) <u>केन्द्रीयस्तर</u> :**

(१) निर्वाचन आयोग

(२) उच्चस्तरीय सुरक्षा समिति

(३) अनुगमन टोली,

(४) संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) ।

**(ख) <u>जिल्लास्तर</u> :**

(१) निर्वाचन अधिकृत,

(२) अनुगमन अधिकृत,

(३) प्रमुख जिल्ला अधिकारी,

(४) जिल्ला निर्वाचन सुरक्षा समन्वय समिति,

(५) सुरक्षा निकायहरु,

(६) अनुगमनकर्ता,

(७) अनुगमन टोली,

(८) पर्यवेक्षक टोली,

(९) मतदान अधिकृत तथा सहायक मतदान अधिकृत,

(१०) निर्वाचन कार्यमा खटिएका कर्मचारी,

(११) निर्वाचनको दिन खटिएका घुम्ती टोली,

(१२) जिल्लास्तरीय संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) ।

**३०. <u>आवश्यक व्यवस्था मिलाउने</u>** : यो निर्देशिका कार्यान्वयनमा कुनै बाधा व्यवधान परेमा आयोगले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

**३१. <u>खारेजी र बचाउ</u> :** (१) देहायका निर्देशिकाहरु खारेज गरिएका छन् :-

(क) स्थानीय तह निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिका, २०७३,

(ख) प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिका, २०७४ ।

(२) उपदफा (१) मा उल्लिखित निर्देशिका बमोजिम भए गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

निर्वाचन आयोग नेपाल

<u>अनुसूची-१</u>

दफा २७ को उपदफा (१) सँग सम्बन्धित

<u>सुरक्षा व्यवस्थापन चक्र</u>




निर्वाचन आयोग नेपाल

अनुसुची-२
दफा २८ सँग सम्बन्धित
<u>सुरक्षा सञ्चार नेटवर्क</u>




निर्वाचन आयोग नेपाल